# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण १२ गते २०१० साल

## भाग १

## प्रधानमन्त्रालय, राज्य–व्यवस्थाको सूचना

दैलेख गौंडाका बडाहाकिम श्री भूपेन्द्रविक्रमशाहले प्रशासकीय उत्तरदायित्व लिई बसेको जिल्ला कुनै सरकारी आदेश नपाए पनि छोडी नेपालगञ्ज गई बस्नुभएकोले उक्त कुराको जाँच जिल्लाबाट भई नआएसम्मलाई बडाहाकिमलाई मुअत्तल गरी राख्ने भन्ने केन्द्रीय सरकारबाट सस्पेन्शनको आदेश गएको थियो। तर—"बडाहाकिम श्री भूपेन्द्रविक्रमशाह बनारस गइसक्नुभएकोले सस्पेन्शनको आदेश सुनाउन पाइएन" भन्ने नेपालगंज गोस्वाराको सूचना आउँदा— बडाहाकिम जस्तो उच्च पदाधिकारीले केन्द्र सरकारको कुनै आदेश नपाई विदेश गई अनुशासन उपेक्षा गर्नुभएकोले प्रचलित जागीरदार बहाली बर्खासीको ६।१४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नं. का ऐनले उहाँको पद कायम रहन नसक्ने भई उपरोक्त ऐनअनुसार श्री भूपेन्द्रविक्रमशाहलाई दैलेख गौंडाको बडाहाकिमको पदबाट खारेज गरी पदच्युत गरिएको छ ।

आज्ञाले,

माणिकलाल.

का. मु. सेक्रेटरी—प्र. मं. राज्यव्यवस्था.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।